Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ५० | वि.सं. २०८३ जेठ १९ मंगलवार | नेपाल संवत्: ११४५, ज्येष्ठ कृष्ण द्वितीया | Tuesday 2 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### राष्ट्रपति महिला उत्थान कार्यक्रम

# आठ वर्षमा नौ सय पाँच गर्भवती आमाको हेलिबाट उद्धार

**ओम शाही**
**सुर्खेत, १८ जेठ ।**

आर्थिक वर्ष २०७५/०७६ देखि सुरु भएको 'राष्ट्रपति महिला उत्थान कार्यक्रम'ले दुर्गमका नौ सय पाँच मातृशिशुको ज्यान जोगिएको छ। कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८२/०८३ को फागुनसम्म दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका ६० गर्भवती तथा सुत्केरीसहित नौ सय पाँच महिलाको हवाई उद्धार भएको छ।

आठ वर्ष अघि सुरु भएको यस कार्यक्रमबाट नौ सय पाँच महिलाको उद्धार भएको सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणमा उल्लेख छ। उद्धार गरिएकामध्ये सबैभन्दा बढी कर्णाली प्रदेशका तीन सय दुई जना महिला छन् भने सबैभन्दा कम लुम्बिनी प्रदेशका १९ जना छन्।

यस्तै, कोशी प्रदेशबाट दुई सय ७९, बागमती प्रदेशबाट एक सय २५, गण्डकी प्रदेशबाट ४४ र सुदूरपश्चिम प्रदेशबाट एक सय ३६ महिलाको हेलिबाट उद्दार गरी सुविधान सम्पन्न अस्पताल पुऱ्याएको छ। संघीय सरकारले ७ पुस २०७५ मा हुम्लाको चंखेली गाउँपालिकाबाट एक सुत्केरीको हेलिकोप्टरबाट उद्धार गरेर कार्यक्रमको सुभारम्भ गरेको थियो।

दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार गरी मातृमृत्यु र बालमृत्युदर घटाउने उद्देश्यअनुरुप संघीय सरकारले यो कार्यक्रम सुरु गरेको थियो। पूर्वको ताप्लेजुङदेखि पश्चिमको दार्चुलासम्मका १९ वटा पहाडी तथा हिमाली जिल्लामा पूर्ण र अन्य २९ जिल्लामा आंशिक गरी कुल ४८ जिल्लामा यो कार्यक्रम लागु छ।

पूर्ण रूपमा कार्यक्रम लागू भएका जिल्लाहरूमा ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, मनाङ, मुस्ताङ, रुकुम-पूर्व, रुकुम-पश्चिम, जाजरकोट, डोल्पा, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला हुन्। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको हवाई उद्धार सम्बन्धी कार्यविधि २०७७ अनुसार स्थानीय स्वास्थ्य संस्था स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको समन्वयमा जोखिममा परेका महिलालाई अस्पतालसम्म पुऱ्याइन्छ। उद्धारपछि महिलालाई पोषण स्याहार र यातायातका लागि एकमुष्ट २० हजार रुपैया सहयोग समेत उपलब्ध गराइन्छ।



> "पूर्वको ताप्लेजुङदेखि पश्चिमको दार्चुलासम्मका १९ वटा पहाडी तथा हिमाली जिल्लामा पूर्ण र अन्य २९ जिल्लामा आंशिक गरी कुल ४८ जिल्लामा यो कार्यक्रम लागु छ।

### उद्धार गरिएका मध्ये २० वर्ष मुनिका किशोरी बढी

दुर्गम क्षेत्र जहाँ सडकको सहज सञ्जाल विस्तार भएको छैन, सुविधा सम्पन्न अस्पताल छैनन् त्यहाँ सुत्केरी बेथाले छटपटिएका आमाहरुका लागि बरदान सावित भएको राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत उद्धार गरिएका आमाहरुको तथ्यांक केलाउने हो भने वालविवाहको ग्राफ डर लाग्दो छ।

नेपालको कानुनले २० वर्ष नपुगी गरिने विवाहलाई अपराधिकरण गर्छ। उमेर नपुग्दै गरिने विवाहलाई कानुनले मान्यता नदिने भएपनि व्यवहारमा भने समाजले अझै पनि वालविवाह सहजै स्वीकार्ने गरेको तथ्यांकले पुष्टि गर्छ। भौगोलिक विकटता भएका क्षेत्रमा बाह्रै महिना चल्ने सडक, सविधा सम्पन्न अस्पताल निर्माण गर्नतर्फ ध्यान दिन नसकेको सरकारले सुत्केरी बेथाले छटपटिएका आमालाई हवाई उद्धार गरेर ज्यान जोगाउछ।

तर, पछिल्ला तथ्यांकले सामाजिक समस्याका रुपमा रहेको वालविवाह घट्नुको साटो झन बढ्दै गएको देखाउछ। हवाई उद्धार गरिएका महिला मध्ये आधा भन्दा बढी २० वर्ष मुनिका किशोरी छन्। सुरुवाती वर्ष २०७५/७६ मा २६ जनाको हेलिमार्फत उद्धार गरिएको थियो। त्यसयता यो संख्या निरन्तर बढिरहेको छ। तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/७७ मा ८७, २७७/७८ मा एक सय तीन, २०७८/७९ मा एक सय ६९ जना २०७९/८० मा एक सय ६७, २८०/८१ मा एक सय ६१, आर्थिक वर्ष २०८१/८२ मा ९५ गर्भवती महिलाको उद्धार गरिएको छ। आठ वर्षको अवधिमा उद्धार गरेका महिला मध्ये झण्डै ५० प्रतिशत २० वर्षभन्दा कम उमेरका किशोरी रहेको सरकारी तथ्यांकले देखाउछ। यसमा सबैभन्दा बढी कर्णाली प्रदेशमा कम उमेरमै गर्भवती हुनेको संख्या धेरै छ। यसले ग्रमिण क्षेत्रमा किशोरी मातृत्व निकै कमजोर रहेको देखाउछ।

### कस्तो अवस्थामा गरिन्छ हवाई उद्धार ?

सुत्केरी अवस्थामा लगातार लामो प्रश्रव बेथा (१८ घण्टा भन्दा बढी) लागि बच्चा जन्मन कठिनाइ भएको अवस्थामा हवाई उद्धार सेवा दिइन्छ। बच्चाको हात खुट्टा वा शरीर पहिला निस्किएर बच्चा जन्मन कठिन भएमा, शिशु जन्मेको ३० मिनेटसम्म पनि सालनाल ननिस्केमा, गर्भमा नै बच्चाको मृत्यु भएको अवस्थामा पनि हेलिकोप्टरबाट उद्धार गरेर विशिष्टिकृत अस्पताल पुऱ्याएर सेवा दिइन्छ।

गर्भ अवस्थामा गर्भवती महिलाको हात, खुट्टा र शरीर अधिक सुन्निएको अवस्थाका साथै गर्भवती अवस्था र प्रसूतिपछिको अवस्थामा अधिक रक्तश्राव भएका गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धार गरिन्छ। यस्तै, सुत्केरी हुने क्रममा उच्च रक्तचाप तथा एक्लम्प्सिया र पाठेघर फुटेको लक्षण देखिएका महिलाको पनि तत्काल उद्धार हुन्छ।

साथै, पाठेघरभन्दा बाहिर बच्चा बसेमा, बच्चा जन्मेको २४ घण्टाभित्र बच्चा अत्यधिक निसास्सिएर सास फेर्न गाह्रो भएका र रक्तअल्पताबाट ग्रसित गर्भवती तथा सुत्केरीलाई निःशुल्क हवाई उद्धार सेवा प्रदान गर्ने गरिन्छ।

यस्तै, यसै कार्यक्रममार्फत विशेष परिस्थिति अर्थात् बाढी, पहिरो, भूकम्प, हावाहुरी, हुण्डरी, महामारीका कारण सडक सञ्जाल क्षतविक्षत भई सडक यातायातका साधन सञ्चालन हुन नसकेको र काबु बाहिरको अवस्थामा समेत गर्भवती, सुत्केरी र बच्चालाई हेलिकोप्टरबाट उद्धार गरी निःशुल्क उपचार सेवा दिइन्छ।

हवाई उद्धार गरिएका गर्भवती र सुत्केरी महिलाहरूको कोशी प्रादेशिक अस्पताल मोरङ, सगरमाथा अस्पताल सप्तरी, जनकपुर प्रादेशिक अस्पताल जनकपुर, नारायणी उप-क्षेत्रीय अस्पताल पर्सा वीरगञ्ज, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथली, भरतपुर अस्पताल चितवनमा उपचार हुनेगर्छ।

बाँकी ३ पेजमा

# सुदूरपश्चिम सरकारको नीति तथा कार्यक्रम सार्वजनिक



**युग संवाददाता**
**धनगढी, १८ जेठ ।**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेशसभाको आठौँ अधिवेशनको चौथो बैठकमा सरकारका तर्फबाट प्रदेश प्रमुख नाजिर मियाँले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्।

प्रदेश सरकारले पूर्वाधिकार विकास, पर्यटन प्रवर्द्धन, स्वास्थ्य र गरिबी नियन्त्रणलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम ल्याएको हो। नीति तथा कार्यक्रममा प्रदेश गौरवका आयोजनाको निर्माण आगामी वर्षभित्र सम्पन्न गर्ने उल्लेख छ। 'प्रदेश गौरवका आयोजनाको निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने गरी बजेट विनियोजन गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ।

यस्तै, सुदूरपश्चिममा सडक सञ्जालसँग नजोडिएका तीन पालिकामा प्रदेश सरकारले आगमी वर्षभित्र सडक पुऱ्याउने लक्ष्य लिएको छ। साइपाल गाउँपालिका बझाङ, अपिहिमाल गाउँपालिका दार्चुला र स्वामीकार्तिक गाउँपालिका बाजुरालाई प्रादेशिक तथा स्थानीय सडक सञ्जालसँग जोडिने बताइएको हो।

सडक यातायात गुरुयोजनाअन्तर्गत प्रदेश लोकमार्ग र सहायक मार्गको स्तरोन्नति गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। यस्तै, प्रदेशमा गरिबी दर बढी भएका पालिकामा प्रदेश सरकारले न्यूनीकरण कार्यक्रम चलाउने भएको छ।

अछामको ढकारी गाउँपालिका र कमलबजार नगरपालिका, डोटीको शिखर नगरपालिका, बाजुराको त्रिवेणी नगरपालिका तथा बैतडीको सिगास र शिवनाथ गाउँपालिकामा लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन सघन रूपमा कार्यक्रम सञ्चालन गरिने भएको हो। शिक्षा, स्वास्थ्य र पोषणसँग जोडेर ती पालिकामा गरिबी न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा भनिएको छ।

मुख्यमन्त्री लघु उद्यम कार्यक्रममार्फत रोजगारी सिर्जना गर्दै युवा जनशक्ति पलायन रोक्ने, प्रदेश प्रमुख स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने, एक स्थानीय तह एक लघु औद्योगिक ग्राम कार्यक्रमलाई विस्तार गर्ने र प्रदेश लगानी तथा विकास सम्मेलन आयोजना गर्ने विषय पनि नीति तथा कार्यक्रममा अटाएको छ। प्रदेश सरकारले विद्युत् प्राधिकरणसँग समन्वय गर्दै आगामी वर्षमै खप्तड र बडीमालिकामा विद्युत सेवा पुऱ्याउने नीति पनि ल्याएको छ।

यस्तै, अपि, सुर्मा, साइपाल, बडीमालिका, रामारोशन र रानीसैनमा पदमार्ग निर्माण गरिने बताइएको छ। स्वास्थ्यतर्फ प्रदेश सरकार मातहतका अस्पताललाई स्तरोन्नति गरिने भएको छ। सेती, महाकाली र टीकापुर प्रादेशिक अस्पताललाई एक सय शय्यामा स्तरोन्नति गरिने भएको हो। यस्तै, छ पहाडी जिल्लामा रहेका जिल्ला अस्पताललाई २५ देखि ५० शय्यामा स्तरोन्नति गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

नौ जिल्लामा रहेका १६ वटा प्रदेश निर्वाचन क्षेत्रमा एक-एक वटा नमुना विद्यालय सञ्चालन गरिने र मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृत्तिलाई निरन्तरता दिने बताइएको छ। खेलकुदतर्फ धनगढी रंगशालाको स्तरोन्नति, पदक विजेता खेलाडीलाई सम्मान तथा फाप्ला मैदान आवश्यक समन्वय र सहकार्य गर्ने कार्यक्रम प्रदेश सरकारले ल्याएको हो।

**डढेलोबाट जोगिऔं र जोगाऔं।**

- सुख्खायाम सुरु भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरुमा डढेलोका घटनाहरु वृद्धि हुने गर्दछ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
- जथाभावी रुपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनैपनि कार्य नगर्न र कोही कसैलाई गर्न नदिन अनुरोध छ।
- वन डढेलोका घटनाहरु देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरुलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# संविधान प्रदत्त अधिकारको ग्यारेण्टी गर !

लोकतान्त्रिक शासन व्यवस्थामा संसद सरकारलाई जवाफदेही बनाउने सबैभन्दा प्रभावकारी थलो हो । प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर हुनुलाई त्यसैको एउटा महत्वपूर्ण अभ्यासका रूपमा हेरिन्छ। आइतबारको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहको उपस्थितिले संसदीय उत्तरदायित्वको औपचारिकता पूरा गरे पनि उनले दिएको एउटा जवाफले भने सरकारको नीति, संविधानप्रतिको प्रतिबद्धता र नागरिक अधिकारबारे गम्भीर बहस जन्माएको छ । प्रधानमन्त्री शाहले संविधानमा निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गरिए पनि वर्तमान अवस्थामा सबै नागरिकलाई त्यो सुविधा उपलब्ध गराउन नसकिने बताएका छन् । उनका अनुसार अहिलेका लागि विपन्न वर्गलाई मात्र निःशुल्क शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिबद्ध छ । यो अभिव्यक्ति केवल बजेट सीमितताको स्वीकारोक्ति मात्र होइन, संविधानले सुनिश्चित गरेका अधिकारहरू कार्यान्वयन गर्ने राज्यको क्षमतामाथि उठेको प्रश्न पनि हो ।

नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । धारा ३१ ले माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक सुनिश्चित गरेको छ भने धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यी व्यवस्थाहरू कुनै राजनीतिक घोषणापत्रका प्रतिबद्धता होइनन्, राज्यले पूरा गर्नैपर्ने संवैधानिक दायित्व हुन् । यद्यपि सरकारको पछिल्लो बजेट र प्रधानमन्त्रीको अभिव्यक्तिले संविधानको मर्म र व्यवहारबीचको दूरी रहेको स्पष्ट पारेको छ। सरकारले आगामी आर्थिक वर्षदेखि निजी विद्यालय, कलेज र अस्पतालका सेवाग्राहीबाट तीन प्रतिशत 'समता शुल्क' उठाउने व्यवस्था गरेको छ। सरकारले यसलाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने तथा पूर्वाधार निर्माणका लागि प्रयोग गरिने स्रोतका रूपमा प्रस्तुत गरेको छ । तर, वास्तविकता के हो भने यो शुल्क अन्ततः विद्यार्थी, अभिभावक र बिरामीकै काँधमा थप आर्थिक भारका रूपमा जानेछ। निजी शिक्षण संस्था र स्वास्थ्य संस्थाले तिर्नुपर्ने कर नभई सेवाग्राहीबाट प्रत्यक्ष असुल गरिने भएकाले यसको प्रभाव सीधै नागरिकमाथि पर्नेछ । विरोधाभास यहीँ छ । एकातिर संविधानले शिक्षा र स्वास्थ्यलाई अधिकारका रूपमा परिभाषित गरेको छ, अर्कोतिर राज्यले त्यही सेवा प्राप्त गर्न नागरिकबाट थप शुल्क उठाउने नीति अवलम्बन गरेको छ । अधिकारलाई विस्तार गर्दै लैजानुपर्ने अवस्थामा त्यसको लागत नागरिकमाथि थप थोपर्ने प्रवृत्तिले सामाजिक न्यायको अवधारणालाई कमजोर बनाउँछ । अझ निजी विद्यालय र अस्पताल रोज्नु धेरै नागरिकको बाध्यता बनेको अवस्थामा यो शुल्कले मध्यम तथा निम्न आय भएका परिवारलाई थप कठिनाइमा पार्ने सम्भावना छ ।

सरकारको तर्क हुन सक्छ–राज्यको स्रोत सीमित छ, सबैलाई निःशुल्क सेवा दिन सकिँदैन । तर, त्यसो भए संविधानले गरेको प्रतिज्ञा कसरी पूरा गर्ने भन्ने स्पष्ट मार्गचित्र पनि सरकारले दिनुपर्छ । अधिकारको कार्यान्वयन असम्भव छ भन्ने सन्देश दिनुभन्दा त्यसलाई चरणबद्ध रूपमा कसरी सुनिश्चित गर्ने भन्ने योजना प्रस्तुत गर्नु राज्यको दायित्व हो। बजेट अभावको कारण देखाएर संवैधानिक अधिकारको दायरा खुम्च्याउने अभ्यासले भविष्यमा अन्य मौलिक हकमाथि पनि प्रश्न उठ्न सक्छ। शिक्षा र स्वास्थ्य कुनै विलासिता होइनन्, नागरिक जीवनका आधारभूत आवश्यकता हुन्। राज्यले यी क्षेत्रमा पहुँच विस्तार गर्ने, गुणस्तर सुधार गर्ने र आर्थिक बोझ घटाउने दिशामा काम गर्नुपर्छ। समता शुल्कको नाममा थप कर लगाउने निर्णयले भने ठीक उल्टो सन्देश दिएको छ। संविधानले दिएको अधिकार र सरकारले अपनाएको नीतिबीचको यो अन्तर कम गर्न सकिएन भने नागरिकको राज्यप्रतिको विश्वास कमजोर बन्नेछ । राजस्व संकलनका वैकल्पिक उपाय खोज्ने, सार्वजनिक शिक्षा र स्वास्थ्य प्रणालीलाई बलियो बनाउने तथा संविधानको मर्मअनुसार नागरिक अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गर्नतर्फ सरकारले ध्यान दिन आवश्यक छ। यसो गर्न नसकिएको खण्डमा धनी झन धनी हुने गरिव झन गरिव हुने स्थिती सिर्जना हुने जोखिम बढ्छ। लोकतन्त्रको सफलता त्यहीँबाट मापन हुन्छ।

## सहिदका सपनामाथि सिंहदरबारको सौदा :

# देश आईसीयूमा, नेता कुर्सीको खेलमा !



✍ प्रतिमा अधिकारी

जेठ १५ गते। भित्तामा झुण्डिएको क्यालेन्डरले फेरि एउटा गणतन्त्र दिवसको गन्ती थपेको छ । सहरका चिल्ला सडकमा सरकारी गाडीहरू झण्डा फर्फराउँदै दौडिरहेका छन् । सरकारी हलहरूमा 'गणतन्त्रका उपलब्धि' भन्दै मन्त्रीहरूका लामा र रसिला भाषण गुञ्जिरहेका छन् । तर, यही उत्सवको पृष्ठभूमिमा देशको अर्थतन्त्र आईसीयूमा छ, दैनिक २ हजारभन्दा बढी (वार्षिक ६ लाख ७० हजारभन्दा बढी) नेपाली युवाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'डिपार्चर गेट' मा लामबद्ध भएर देश छोडिरहेका छन् । क्रान्तिका घाइतेहरू वीर अस्पतालको शय्यामा औषधि खर्च नपाएर छट्पटाइरहेका छन् । आज सोध्नै पर्ने बेला भएको छ- हामीले ल्याएको गणतन्त्र कसका लागि आयो ? नेताका लागि कि जनताका लागि ?

पक्कै पनि, २४० वर्ष लामो निरंकुश शाहवंशीय राजतन्त्रको अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु आफैँमा ऐतिहासिक र ठूलो उपलब्धि हो । हिजो एउटा कुलमा जन्मेकै आधारमा देशको सर्वोच्च पद (राष्ट्राध्यक्ष) कुलीन वर्गको छोराहरूको हातमा हुन्थ्यो तर, रैतीको छोराछोरीले देशको प्रतिनिधित्व गर्ने, सरकार चलाउने अधिकार पाउँदैनथे ।

आज एउटा गरिब, दलित वा उत्पीडित वर्गका छोराछोरी पनि देशको राष्ट्रपति बन्न सक्ने मार्ग खुलेको छ । सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको छ । नागरिक अधिकार, प्रेस स्वतन्त्रता, र समावेशी प्रतिनिधित्वका हिसाबले नेपालले ठूलो फड्को मारेको छ ।

हिजो राज्यको मूल प्रवाहबाट किनारा पारिएका महिला, जनजाति, मधेशी र दलित समुदायको उपस्थिति आज नीति निर्माणको तहमा देखिनु गणतन्त्रकै सुन्दर उपहार हो । तर, यो व्यवस्थाको जग सजिलै ठडिएको होइन । यसको पछाडि नेपाली जनताको रगत, पसिना र झन्डै सात दशक लामो अविराम संघर्षको इतिहास लुकेको छ । इतिहासका पाना पल्टाएर हेर्ने हो भने नेपाली नागरिकले स्वतन्त्रता र समानताका लागि अनेकन बलिदानिपूर्ण संघर्षहरू झेलेर, पार गरेर आएका छन् । गणतन्त्र प्राप्तिका लागि इतिहासदेखि वर्तमानसम्म नेपाली जनताहरूको विभिन्न ऐतिहासिक मोडहरू पार गरेर आजको दिनसम्म पुग्न सफल भएको हो ।

**फागुन ७, २००७ :- 'राणाशासनको अन्त्य'**

जनता र राजाको संयुक्त प्रयासमा १०४ वर्ष लामो निरंकुश राणाशासनको अन्त्य भयो र प्रजातन्त्रको उदय भयो । तर, जनताले चाहेको संविधानसभाको निर्वाचन भने तत्कालीन राजा त्रिभुवनले टारेरै राखे ।

**पुस १, २०१७ :- 'शाही 'कू' र पञ्चायतको सुरुवात'**

जननिर्वाचित प्रथम प्रधानमन्त्री बीपी कोइरालालाई थुनेर राजा महेन्द्रले बहुदलीय प्रजातन्त्रको घाँटी निमोठे र ३० वर्षे निर्दलीय पञ्चायती तानाशाही व्यवस्था लादे ।

**चैत २६, २०४६ :- जनआन्दोलन-१ र संवैधानिक राजतन्त्र**

लामो संघर्षपछि पञ्चायत ढल्यो र राजा वीरेन्द्रको समयमा बहुदलीय प्रजातन्त्र तथा संवैधानिक राजतन्त्रको पुनर्स्थापना भयो ।

**फागुन १, २०५२ :- माओवादी जनयुद्धको घोषणा**

'जनवादी गणतन्त्र' स्थापनाको मूल नारासहित तत्कालीन नेकपा (माओवादी) ले १० वर्षे सशस्त्र युद्धको घोषणा गऱ्यो, र यो २०६२ सालसम्म निरन्तर चलिरहयो, जसले नेपाली राजनीतिको जग नै हल्लाइदियो ।

**जेठ १९, २०५८ :- 'दरबार हत्याकाण्ड'**

राजा वीरेन्द्रको वंशनाश हुने गरी भएको नारायणहिटी दरबार हत्याकाण्डले नेपाली राजतन्त्रको साख र परम्परागत आस्थालाई सदाका लागि धराशयी बनायो । ज्ञानेन्द्र शाह नयाँ राजा बने ।

**माघ १९, २०६१ :- ज्ञानेन्द्रको शाहको 'कू'**

राजा ज्ञानेन्द्रले जननिर्वाचित सरकार विघटन गरी सत्ता आफ्नो हातमा लिए । यो नै राजतन्त्रको अन्तिम प्रत्युत्पादक गल्ती साबित भयो, जसले संसद्वादी दल र विद्रोही माओवादीलाई एक ठाउँमा ल्यायो ।

**मंसिर ,७ ,२०६२ :- '१२ बुँदे समझदारी'**

नयाँ दिल्लीमा सात राजनीतिक दल र विद्रोही माओवादीबीच ऐतिहासिक १२ बुँदे समझदारी भयो, जसले निरंकुश राजतन्त्र विरुद्ध संयुक्त आन्दोलनको खाका कोऱ्यो ।

**चैत २४,२०६२ – वैशाख ११, २०६३ सम्म :- ' १९ दिने ऐतिहासिक जनआन्दोलन-२ '**

यो समय नेपाली राजनीति ठूलो परिवर्तनको संघारमा थियो । गणतन्त्र, समानता, धर्मनिरपेक्षता, स्वतन्त्रता, नयाँ संविधानको मागसहित नेपाली जनता सडकमा ओर्लिए । जन महासागरको राप, ताप सहन नसकी राजा ज्ञानेन्द्रले आत्मसमर्पण गरे, संसद पुनर्स्थापना भयो र जनयुद्धको अन्त्य गर्दै ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता भयो ।

**जेठ १५, २०६५ :- 'नेपाल गणतन्त्र घोषणा'**

ऐतिहासिक संविधानसभाको पहिलो बैठकले भारी बहुमतका साथ २४० वर्ष पुरानो शाहवंशीय राजतन्त्र समाप्त भएको घोषणा गऱ्यो र नेपाल 'संघीय लोकतान्त्रिक गणतन्त्र' बन्यो । तर, गणतन्त्र स्थापनाको १९औं वर्षसम्म आइपुदा, यो गौरवशाली इतिहासको सुन्दर जगमा उभिएको व्यवस्थाको महललाई हाम्रा शासकहरूले आफ्नै स्वार्थको दलदलमा डुबाएका छन् । व्यवस्था त फेरियो, तर शासकहरूको सोच र प्रवृत्ति फेरिएन । हिजो 'नारायणहिटी'मा बस्ने राजाको रवाफ र आज 'बालुवाटार'मा बस्ने नयाँ राजाहरूको तामझाममा कुनै फरक देखिएन । उल्टो, आजको गणतन्त्र केवल 'दलनतन्त्र' र 'लुटतन्त्र' जस्तो बन्न पुगेको छ ।

सबैभन्दा ठूलो झापड त यो व्यवस्था ल्याउन आफ्नो छातीमा गोली थाप्ने सहिद, बेपत्ता र घाइतेहरूलाई लागेको छ । तत्कालीन राज्य पक्ष र विद्रोही पक्षबीच भएको १० वर्षे सशस्त्र द्वन्द्वमा १७ हजारभन्दा बढी नेपालीले ज्यान गुमाए, १ हजार ३ सयभन्दा बढी नागरिक अझै बेपत्ता छन् भने हजारौँको संख्यामा घाइते र अपांग भएका छन् । ती हजारौं सहिदका सपनाहरू आज सिंहदरबारको कुनामा धुलो जमेर बसेका छन् ।

आफ्ना परिवारका सदस्य बेपत्ता पारिएका आमाहरूको आँसु अझै ओभानो हुन सकेको छैन । क्रान्तिका घाइते र अपांगहरू आज पनि शरीरमा गोलीका छर्राहरू बोकेर बैसाखीको सहारामा हिँडिरगेका छन्, तर उनीहरूको घाउमा मल्हम लगाउनुपर्ने राज्य कुर्सीको लुछाचुँडीमा व्यस्त छ । देसको आमूल परिवर्तन र नयाँ नेपाल निर्माणको लागि भन्दै राजनीतिक युद्ध लडियो, तर शान्ति प्रक्रियाका बाँकी काम र सङ्क्रमणकालीन न्यायको सवाललाई सधैँ ओझेलमा पारियो । के न्याय विनाको व्यवस्थालाई नै गणतन्त्र मान्ने ?

आज देशको राजनीति, सामाजिक र आर्थिक स्थिति पुरै अन्योलग्रस्त छ । देशको अर्थतन्त्र रेमिट्यान्सको जगमा टिकेको छ, तर त्यही रेमिट्यान्स पठाउने युवाहरू बाकसमा फर्कंदा राज्य मौन बस्छ । उद्योगधन्दा बन्द छन्, स्वदेशमा रोजगारी छैन, महँगीले आकाश छोएको छ र भ्रष्टाचार संस्थागत भइसकेको छ । वर्षौंदेखि पुराना राजनीतिक दलहरू देशको विकास कसरी गर्ने भन्नेमा होइन, कुन समीकरण बनाएर कसरी सत्तामा टिकिरहने भन्ने धमिलो खेलमा व्यस्त रहे ।

यही बेथिति, भ्रष्टाचार र बेरोजगारीविरुद्ध नेपाली इतिहासमै पहिलोपटक 'जेन-जी' अर्थात् नयाँ पुस्ता सडकमा ओर्लियो । पुराना नेताहरूको सिन्डिकेट, नातावाद-कृपावाद र राज्यको अकर्मण्यताबाट आजित भएका युवाहरूले सामाजिक सञ्जाल र सडकबाट विद्रोहको बिगुल फुके । यो आन्दोलनले देशमा ठूलो राजनीतिक उथलपुथल ल्याउँदै नयाँ, शिक्षित र वैकल्पिक भनिएको नेतृत्वलाई सत्ताको बागडोर सुम्पिन बाध्य पाऱ्यो । तर, विडम्बना ! नयाँ भनिएका ती पात्रहरू र नयाँ सांसदहरू सत्ताको कुर्सीमा पुग्नेबित्तिकै पुरानै प्रवृत्तिको कार्बन कपी साबित हुन थालेका छन् ।

हिजो सुशासनको गफ छाँट्ने नयाँ सांसदहरू नै आज विभिन्न आर्थिक घोटाला, सहकारी ठगी, र फौजदारी अपराधका घटनाहरूसँग जोडिएका समाचारहरू सार्वजनिक भइरहेका छन् । हिजो परिवर्तनको नारा बोकेकाहरू आज आफैं कानुनको कठघरामा उभिनुपर्ने स्थिति आएको छ । झन् दुःखको कुरा त के छ भने, यो नयाँ सरकारले पनि गरिब, सुकुम्बासी र सीमान्तकृत वर्गको मर्म र पीडालाई बुझ्न सकेको छैन । डोजर आतंक फैलाएर सुकुम्बासीका झुपडीहरू भत्काउने तर उनीहरूको उचित व्यवस्थापनमा आँखा चिम्लिने क्रूरता आज पनि जारी छ ।

पुराना दलहरू जस्तै यो सरकारले पनि राज्यका महत्त्वपूर्ण निकाय, संस्थान र सार्वजनिक ओहोदामा देशका दक्ष र योग्य विज्ञहरूलाई होइन, आफ्ना नातेदार, आसेपासे र नातागोतालाई मात्र भर्ती गर्ने लाजमर्दो शृंखला दोहोऱ्याइरहेको छ ।

यति मात्र होइन, देशको मेरुदण्ड मानिएका शिक्षा, स्वास्थ्य र अर्थनीति जस्ता संवेदनशील क्षेत्रमा सरकारले दिनहुँजसो गरिरहेका अपरिपक्व, हचुवा र अप्रभावकारी निर्णयहरूले देशलाई अझ ठूलो आर्थिक र सामाजिक भड्खालोमा हाल्ने खतरा बढाएको छ । व्यापारीको स्वार्थमा नीति फेरिने, सरकारी विद्यालय र अस्पताल धराशयी बन्दै जाने तर बिचौलियाहरूको बिगबिगी बढ्ने यो खेलले आम जनतामा एउटा गम्भीर शंका उब्जाइदिएको छ । के हाम्रा तमाम आन्दोलनका मर्म, रगत र उपलब्धिहरू यसैगरी कौडीको भाउमा मरेर जाने हुन् ? के नयाँ भनिएकाहरू पनि केवल सत्ता र भत्ताकै भोका रहेछन् ?

'जेन-जी'आन्दोलनको जगमा र युवाहरूको आक्रोश बोकेर बनेको अबको सरकारसँग आम नागरिकको जुन आशा थियो, त्यो अब तीव्र निराशा र शंकामा बदलिन थालेको छ । अबको सरकारले केवल 'गणतन्त्र दिवस'को औपचारिकता र झन्डा हल्लाउने तामझाम निभाएर पुग्दैन । अबको नेतृत्वले द्वन्द्वपीडित, घाइते र बेपत्ता परिवारलाई राजनीतिक दाउपेचभन्दा माथि उठेर पूर्ण र तार्किक न्याय दिनै पर्छ ।

दैनिक हजारौँको संख्यामा देश छोड्न बाध्य युवाहरूलाई स्वदेशमै सम्मानजनक रोजगारी, उद्योग, आधुनिक कृषि र प्रविधिमा नवीन अवसर सिर्जना गरी प्रतिभा पलायन रोक्नु अबको सरकारको पहिलो र मुख्य परीक्षा हुनेछ । सुशासनको ग्यारेन्टी, फाइल अड्काउने कर्मचारीतन्त्रको अन्त्य, सेवा प्रवाहमा शतप्रतिशत डिजिटल क्रान्ति र भ्रष्टाचारीहरू (चाहे ती जुनसुकै दलका ठूला ओहोदाका र नयाँ अनुहार किन नहोऊन)लाई कानुनको कठघरामा उभ्याउनु नै यो सरकारको मुख्य दायित्व हो ।

सत्ताको स्वादमा मस्त शासकहरूले बुझून्, जनता सधैँ मौन बस्दैनन् । सहिदको रगत, घाइतेको बैसाखी र नागरिकको आँसुमाथि उभिएर सत्ताको महल ठड्याउनेहरू इतिहासको कठघरामा एकदिन अवश्य उभिनुपर्नेछ । दिवस मनाएर मात्र पुग्दैन, गणतन्त्रको वास्तविक सुगन्ध सर्वसाधारणको झुपडीसम्म पुग्नुपर्छ । नयाँ सरकारले युवाहरूको यो भरोसा, बदलिएको राजनीतिक चेतना र सहिदको बलिदानलाई बिर्सिएर पुरानै बाटो समात्यो भने, यो व्यवस्थाले नै अझ भीषण, सचेत र निर्णायक विद्रोहको सामना गर्नुपर्ने स्थिति आउन सक्छ । हेक्का रहोस् !

## विश्व

# चार दशकपछि पश्चिम बंगाल सरकारमा नेपालीभाषीको प्रतिनिधित्व

**झापा, १८ जेठ ।**

पश्चिम बंगाल सरकारमा चार दशकपछि नेपालीभाषी (गोर्खा) समुदायको प्रतिनिधित्व भएको छ। डुबर्स क्षेत्रको कालचिनी निर्वाचन क्षेत्रबाट निर्वाचित विधायक विशाल लामा चार दशकपछि राज्य सरकारको राज्यमन्त्री बनेका छन्। उनले ढाका टोपी लगाएर नेपाली भाषामै शपथ लिएका छन् ।

मुख्यमन्त्री सुवेन्दु अधिकारी नेतृत्वको मन्त्रिपरिषद् नयाँ तथा पुराना गरी ३५ जना मन्त्रीले सोमबार शपथ लिएका छन् । तीमध्ये १३ मन्त्री, १९ राज्यमन्त्री र ३ स्वतन्त्र जिम्मेवारीसहितका राज्यमन्त्री छन्। डुबर्स क्षेत्रका नेपालीभाषी तथा आदिवासी समुदायको प्रतिनिधित्व गर्दै लामा पहिलो पटक राज्यमन्त्री बनेका हुन्। लामा सन् २०२१ पछि भाजपाको राजनीतिमार्फत उदाएका नयाँ पुस्ताका नेता हुन् । आफ्नो क्षेत्रमा जित्ने उनी पहिलो नेपालीभाषीसमेत हुन् । लेखक ज्ञानेन्द्र अर्यालका अनुसार शिवकुमार राई पश्चिम बंगाल सरकारमा मन्त्री बन्ने पहिलो गोर्खा-नेपाली नेता मानिन्छन् । उनी भारत स्वतन्त्रलगत्तै सन् १९४८ मा जोरबंगलो निर्वाचन क्षेत्रबाट विधायक निर्वाचित भएका थिए। पछि १९५२ देखि १९५७ सम्म उनले राज्य सरकारमा श्रम उपमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। उनी साहित्यिक क्षेत्रमा पनि सक्रिय थिए। उनको चर्चित कृति 'डाक बंगला' नेपाली साहित्यमा उल्लेखनीय मानिन्छ । त्यसैगरी देउप्रकाश राई पश्चिम बंगाल सरकारमा क्याबिनेटमन्त्री बन्ने पहिलो नेपालीभाषी नेता हुन् । उनी मन्त्रीमा 'ह्याट्रिक' गर्ने नेपाली भाषी पनि हुन् । पूर्वसैनिकसमेत रहेका उनी अखिल भारतीय गोर्खा लिगका प्रभावशाली नेता थिए। उनले ट्रेड युनियन आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए र दार्जिलिङ चिया बगानको श्रमिक आन्दोलनलाई संगठित गर्न योगदान दिएका थिए। राई सन् १९५७ देखि १९८१ सम्म लगातार दार्जिलिङ क्षेत्रबाट विधायक चुनिए। संयुक्त मोर्चा सरकारको समयमा उनले सन् १९६७, १९६९ र १९७१ मा अनुसूचित जाति-जनजाति कल्याण मन्त्रालय तथा पछि पर्यटन मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका थिए । उनको कार्यकाललाई दार्जिलिङको राजनीतिमा प्रभावशाली समयका रूपमा लिइन्छ ।

पश्चिम बंगालको राजनीतिक इतिहासमा नरबहादुर गुरुङको नाम पनि उल्लेख गरिन्छ। उनी कंग्रेस राजनीतिक पृष्ठभूमिका नेता थिए। उनी १९७० दशकतिरको संयुक्त सरकारमा राज्यमन्त्री बनेका थिए । उनीपछि उनका

▶▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ।

**वृष** — हडबडले काम बिग्रनेछ भने धैर्य एवं मेहनतले मनग्य आम्दानी दिलाउनेछ । अतिथिका रूपमा सम्मान प्राप्त होला। मन मिल्ने साथी भेटिने सम्भावना छ।

**मिथुन** — स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ।

**कर्कट** — श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ।

**सिंह** — परिस्थिति प्रतिकूल देखिए पनि जोगिएर काम गर्नुपर्ने समय छ। साथीभाइले साथ दिनेछन्। पशुधन र जमिनबाट लाभ हुनेछ।

**कन्या** — परिस्थितिवश केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। सहयोगीहरूको भरपर्दा काम बिग्रन सक्छ। तापनि प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ।

**तुला** — आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ। बोली-व्यहारमा संयम रहँदै गरिएको युक्तिपूर्ण व्यवहारले भने फाइदा दिलाउनेछ।

**वृश्चिक** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। बिछोडिएका आफन्तसँग भेटघाट होला। तर सानो असावधानीले स्वास्थ्य समस्या आउन सक्छ।

**धनु** — खर्च लागे पनि काम बन्नेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोर्याएर प्रयत्न गर्दा रोकिएको कामसमेत बन्न सक्छ।

**मकर** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न पनि सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह

**कुम्भ** — प्रतिष्ठित काम गरेर धेरैको मन जित्न सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग निकटता र मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**मीन** — मेहनत गर्दा भाग्योन्नतिको समय छ। समुदायको हितमा केही राम्रै काम गर्न सकिनेछ। धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ।

# भालुको आक्रमणमा आठ भेडा मरे

**◣युग संवाददाता**
**जुम्ला, १८ जेठ ।**

जुम्लाको गुठिचौर गाउँपालिका-४ थामबाडा गाउँमा भालुको आक्रमणबाट आठ वटा भेडा मरेका छन् । स्थानीय कृषक नरेन्द्र अधिकारीका भेडा सोमबार बिहान करिब ४ बजेको समयमा भालुले मारेको हो ।

रातिको समयमा गोठमा हुलेका अवस्थामा रहेको भेडाको बथानमा भालु पसेर आक्रमण गरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाका सूचना अधिकारी शालिकराम खनालका अनुसार घटनापछि पाँच वटा भेडा अझै बेपत्ता छन् भने एक भेडा गम्भीर घाइते अवस्थामा रहेको छ । बथानका २९ वटा भेडा भने सकुशल रहेका छन् ।

रातिको समयमा घटना भएकाले मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । बेपत्ता भेडाको खोजी कार्य जारी रहेको छ ।

प्रति भेडाको न्यूनतम मूल्य १८ हजार रुपैयाँ पर्ने भएकाले आठ वटा भेडा मर्दा किसान अधिकारीलाई एक लाख ४४ हजार रुपैयाँ बराबरको क्षति पुगेको छ । भेडापालनलाई मुख्य रोजीरोटीको आधार बनाएका अधिकारीले एकैपटक ठूलो क्षति व्यहोर्नुपरेको बताए । जुम्लाका किसानका लागि भेडा पालन परिवारको आयस्रोत, भविष्यको भरोसा र जीवन धान्ने आधार हुन् । भेडापालनबाटै घरखर्च चलाउँदै आएका अधिकारीले एकै रातमा आफ्नो मुख्य आम्दानीको स्रोत गुमाउनुपरेको बताए ।

हिमाली क्षेत्रमा जंगली जनावर र मानवबीचको द्वन्द्व बढ्दै जाँदा किसानहरू झन् असुरक्षित बन्दै गएको स्थानीय बताउँछन् । केही समय अघि जुम्लाको गुठिचौर गाउँपालिका-३ गर्याङ्गकोटका २४ वर्षीय सरचिन बुढालाई आक्रमण गरेर गम्भीर घाइते बनाएको थियो ।

# सभामुख महरालाई एक लाख धरौटीमा छोड्न आदेश



**◣युग संवाददाता**
**काठमाडौं, १८ जेठ**

पूर्वसभामुख कृष्णबहादुर महरालाई एक लाख रुपैयाँ धरौटीमा छोड्न आदेश भएको छ । भ्रष्टाचार मुद्दामा महरालाई विशेष अदालतले धरौटीमा छोड्न आदेश दिएको हो ।

सोमबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्य विदुर कोइरालाको इजलासले महरालाई एक लाख रुपैयाँ धरौटीमा छोड्न आदेश दिएको हो । 'पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी कृष्णबहादुर महराबाट नगद धरौटी एक लाख रुपैयाँ वा सो बराबरको बैंक जमानत लिई उनलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू,' आदेशमा भनिएको छ । भेपमार्फत सुन तस्करी प्रकरणमा महरामाथि अनुसन्धान भइरहेको छ ।

# किन भए विपन्न र असहायका लागि छुट्टाइएका अधिकांश निःशुल्क बेड खाली ?

**◣युग संवाददाता**
**काठमाडौँ, १८ जेठ ।**

देशभरका निजी तथा सरकारी अस्पतालहरूले विपन्न तथा असहाय बिरामीका लागि छुट्याएको निःशुल्क बेडमध्ये अधिकांश बेड खाली रहेको पाइएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले रियल टाइम डाटा हेर्न मिल्नेगरी विकास गरेको फ्रि हेल्थ पोर्टलमा अहिलेसम्म देशभरका १ सय ५२ अस्पतालहरूले छुट्याएको ३ हजार ४ सय ६ निःशुल्क बेडमध्ये ३ हजार १ सय ५४ बेड खाली रहेका छन् ।

यो समाचार तयार पर्दासम्मको अवधिमा जम्मा २ सय ५२ बेड मात्रै प्रयोगमा रहेको पोर्टलमा देखिएको छ । कतिपय महँगा र ठूला मानिने निजी अस्पतालहरूमा पनि निःशुल्क बेड खाली रहेका छन् । बेड पाउनै गाह्रो हुने वीर, प्रसुतिजस्ता सरकारी अस्पतालमा पनि निःशुल्क बेड उपलब्ध छन्, तर खाली नै देखिन्छन् ।

सरकारले २०७७ सालमै ऐनमार्फत देशका सरकारी, निजी, गैरसरकारीलगायत सबै अस्पतालले प्रदान गर्ने सेवाको १० प्रतिशत विपन्न, असहाय र बेवारिसे बिरामीको निःशुल्क उपचारका लागि छुट्याउनुपर्ने नियम ल्याएको थियो । स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ ले उपचार गर्न अस्पताल आउनेमध्ये विपन्न, असहाय र बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत अनिवार्य छुट्याउनुपर्ने व्यवस्था गरेको छ ।

मापदण्डमा भनिएको छ 'अस्पतालमा उपचारका लागि पुग्ने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत शय्या छुटाई निःशुल्क उपचार अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ ।' तर, अधिकांश निजी अस्पतालले कानुनको बर्खिलाप गर्दै लामो समयसम्म पनि यो सुविधा दिएका थिएनन् ।

वालेन्द्र शाह (बालेन) प्रधानमन्त्री बनेपछि यो नियम कडाइका साथ देशव्यापी रूपमा लागू गर्ने गरी कदम चालिएको थियो । स्वास्थ्य मन्त्रालयले छुट्टै पोर्टल नै बनाएर अनलाइनबाटै देशभरका अस्पतालमा निःशुल्क बेड खालि भए वा नभएको हेर्न सकिने व्यवस्था छ । तर धेरैजसो अस्पतालले छुट्याएको बेड भने खाली नै रहेको पोर्टलमा देखिन्छ ।

**किन खाली भए निःशुल्क बेड ?**

जम्मा ९६० बेड संख्या रहेको वीर अस्पतालले ३९६ बेड निःशुल्क भनेर छुट्याएको छ । तर त्यसमध्ये एउटा पनि प्रयोगमा रहेको पोर्टलमा देखिँदैन । अस्पतालको सामाजिक सेवा इकाइ प्रमुख क्षेत्र कार्कीका अनुसार पोर्टलमा देखिए पनि अस्पतालमा विपन्न, असहाय र बेवारिसे बिरामीका लागि भनेर नै निःशुल्क उपचारको लागि छुट्टै बेडको व्यवस्था गरिएको छैन । तर आएका बिरामीहरूको निःशुल्क उपचार भने पहिलेदेखि नै हुँदै आएको छ ।



अस्पतालको इमरजेन्सीमा दैनिक ५ देखि ७ जनासम्म बेवारिसे बिरामीहरू आउने गरेका छन् । आवश्यकताअनुसार उनीहरूलाई भर्ना गरेर नै अस्पतालले निःशुल्क उपचार गरिरहेको सामाजिक सेवा इकाइ प्रमुख कार्कीले बताए ।

'कहिलेकाहीँ प्रहरीले गेटसम्म ल्याइदिनुहुन्छ, उहाँहरूको नामसमेत थाहा हुँदैन, अननोन नाम राखेर अस्पतालले उपचार गर्ने गरेको छ, त्यस्तो केस त दैनिक आउँछ, कतिपयको उपचारकै क्रममा ज्यान जान्छ, कतिपयलाई भने भर्ना गरेर नै निःशुल्क उपचार गरिएको छ,' उनले भने ।

तर असहाय र विपन्न बिरामीको हकमा भने अस्पतालले अवस्था हेरेर २० देखि शतप्रतिशत निःशुल्क उपचार गर्दै आएको उनले बताए । पालिकाले दिएको सिफारिसको आधारमा कतिप्रतिशत सम्म छुट दिने भन्ने निर्णय गर्दै आएको छ ।

४५१ कुल बेड संख्या रहेको पाथाथली अस्पतालले ३५८ वटा बेड निःशुल्क भनेर छुट्याएको छ । तर कति प्रयोग भइरहेको छ भन्ने जानकारी पोर्टलमा उपलब्ध गराएको छैन । यहाँ सुत्केरी गराउन खोज्ने धेरैले इमरजेन्सीमा जाँदा बेड नपाएको गुनासो गर्ने गर्छन् । ललितपुरको बी एण्ड बी अस्पतालमा कुल बेड संख्या ३ सय रहेको छ । त्यसमध्ये ३० वटा बेड निःशुल्क उपचारका लागि छुट्याइएको छ । तर सबै खाली नै रहेको छ । अस्पतालका प्रशासन प्रमुख प्रकाश कुमार भट्टराई कुल शय्याको १० प्रतिशत निःशुल्क विपन्न बिरामीको निःशुल्क उपचारमा छुट्याउनुपर्ने नियम भए पनि सरकारले स्पष्ट गाइडलाइन नबनाउदा अलमलमा परेको बताउँछन् । धेरैजसो दुर्घटनाको ठूलो केसहरू आउने र लाखौं लाख खर्च हुनुका साथै महिनौंसम्म पनि अस्पतालमा बस्नुपर्ने अवस्थामा कतिसम्म निःशुल्क उपचार गर्ने निक्यौंल गर्न नसकेको उनको भनाइ छ । 'हाम्रोमा कतिपय केसहरू जटिल हुन्छन्, एउटै अपरेशन, एमआरआई वा सिटिस्क्यान नै निकै महँगो पर्न जान्छ,' भट्टराई भन्छन्, 'महिनौंसम्म राखेर उपचार गर्नुपर्ने हुन्छ, यतिसम्मको उपचार यसरी गर्ने भन्ने खालको एउटा गाइडलाइन भयो भने सजिलो हुन्छ ।'

यसका बाबजुद पनि पहिलेदेखि नै गरिब, विपन्नका साथै बेवारिसे बिरामीहरूको उपचार निःशुल्क रूपमा गरिरहेको उनको भनाइ छ । 'प्रहरीले पनि धेरै दुर्घटनाका बिरामी ल्याइदिनुहुन्छ, कागजपत्र लिएर आउनेहरू पनि हुन्छन् । उनीहरूलाई अस्पतालले निःशुल्क उपचार गर्दै आएको छ,' उनी थप्छन् ।

कुल ५ सय बेड संख्या रहेको नेपाल मेडिकल कलेजले ८४ वटा बेड निःशुल्क भनेर छुट्याएको छ । सबै बेड खाली नै रहेको छ । बीपी कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स धरानले ७५४ कुल बेडमध्ये ७५ वटा बेड सरकारी निर्देशन अनुसार बिपन्न तथा असहाय बिरामीका लागि भनेर छुट्याएको छ । त्यसमध्येमा ३२ वटा बेड प्रयोगमा रहेका छन् ।

अस्पतालका सामाजिक स्वास्थ्य सेवा प्रमुख सुमन कुमार दाहालका अनुसार निःशुल्क बेडमा रहेर उपचार गर्नेहरूलाई अस्पतालमा उपलब्ध सबैखाले सेवा निःशुल्क उपलब्ध गराइएको छ । तर औषधि भने बिरामी आफैँले नै किन्नुपर्छ । यो सेवामा औषधिलाई समावेश गरिएको छैन ।

'आएका बिरामीलाई पैसा छैन भनेर सेवा नदिने कुरा हुँदैन, जति समय बसे पनि, जेजे उपचार गर्नु परे पनि निःशुल्क नै हुन्छ,' उनी भन्छन्, 'कतिपयले यति प्रतिशत छुट दिने भनेर पनि लेखिन्छ, तर केही पनि नहुनेहरूलाई त अस्पतालमा बसुन्जेल, डाक्टरले उपचार गरुन्जेल निःशुल्क नै गर्ने गरिएको छ ।'

पुल्चोकस्थित अल्का अस्पतालमा कुल एक सय बेड रहेको छ । जसमध्ये १० बेड निःशुल्क रूपमा छुट्याइएको छ । अहिले निःशुल्क रूपमा छुट्याइएको १० मध्ये ३ बेड प्रयोगमा रहेको छ भने सातवटा खाली रहेको छ ।

अस्पतालका प्रशासन प्रमुख भगवान केसी पहिलेदेखि नै गरिब तथा विपन्न नागरिकहरूलाई स्थानीय तहको सिफारिसका आधारमा निःशुल्क उपचार गर्दै आएको बताउँछन् । एसोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युशन अफ नेपाल र नेपाल सरकारबीच भएको सहमति अनुसार अल्का अस्पतालले लामो समयदेखि विपन्न नागरिकलाई कागजपत्रको आधारमा निःशुल्क उपचार गराउदै आएको उनको दाबी छ ।

कतिपय अस्पतालहरूले रियल टाइम डाटा अपडेट पोर्टलमा अपडेट नगरेकाले पनि धेरैजसो बेड खाली देखिएको हुनसक्ने स्वास्थ्य मन्त्रालयका सहप्रवक्त डा. समिरकुमार अधिकारी बताउँछन् ।

कुनै अस्पतालको बेड लामो समयसम्म खाली देखियो वा अपडेट भएन भने मन्त्रालयले तत्काल अनुगमन गर्ने र कुनै बदमासी देखिएमा सचेत वा कारबाहीसमेत गर्ने गरी मन्त्रालयमा टिम नै रहेको पनि सहप्रवक्ता अधिकारीले बताए ।

'मन्त्रालयमा अहिले टिम नै खटिएको छ, बेड खाली भएर पनि बिरामीले पाएनन् वा अस्पतालले अपडेट गरेन भने हामी अस्पतालमा गएर नै अनुगमन गर्ने काम गरिरहेका छौँ', उनले भने ।

**अस्पतालहरूले बेडसँगै के–के सेवा निःशुल्क दिनुपर्छ ?**

स्वास्थ्य मन्त्रालयका सहप्रवक्त डा. अधिकारीका अनुसार नेपालको कानुन अनुसार दर्ता भएका सबै किसिमका अस्पतालहरूले प्रदान गर्ने सेवाको १० प्रतिशत निःशुल्क सेवा प्रदान गर्नुपर्छ । सेवा प्रदान गर्दा अन्य सेवाग्राही र निःशुल्क सेवा पाउने सेवाग्राही बीचमा कुनै विभेद गर्न पाइँदैन ।

अस्पतालहरूले चिकित्सक परामर्श सेवा, अपरेसन, एमआरआई, सिटिस्क्यानदेखि नर्सिङ केयर सेवा, प्रयोगशाला तथा रेडियोलोजी, एक्सरे, अक्सिजन लगायत औषधिसमेत निःशुल्क उपलब्ध गराउनु पर्ने सहप्रवक्ता अधिकारीले बताए । यस्तो सेवा लिनका लागि आर्थिक रूपले विपन्न भएको प्रमाणपत्र साथमा हुनेले त्यही प्रमाणपत्रका आधारमा पाउछन् भने छैन भने स्थानीय तहले गरेको सिफारिस आवश्यक पर्छ ।

नेपाल प्रहरी वा स्थानीय तहले बेवारिसे भनेर पठाएका नागरिकहरूलाई पनि अस्पतालहरूले निःशुल्क रूपमा उपचार सेवा प्रदान गर्नुपर्ने हुन्छ । उपचारका लागि जाँदा सकेसम्म साथमै विपन्नताको परिचयपत्र लैजान र यदि छैन भने पनि डिस्चार्ज हुनुअघि नै अस्पताल प्रशासनलाई कागजपत्र उपलब्ध गराउदा हुने स्वास्थ्य मन्त्रालयले बताएको छ ।

साथ एकीकृत रूपमा एउटै निर्देशिका ल्याएर निःशुल्क दिनुपर्ने सुविधालाई थप व्यवस्थित र केन्द्रीकृत गर्ने गरीसमेत मन्त्रालयले काम अघि बढाएको छ । यो निर्देशिका आएपछि अहिले भएका केही अन्योलता र अप्ठेराहरू समेत बाँकी नरहने सहप्रवक्ता अधिकारीको भनाइ छ । *(शिलापत्र)*

## चार...

छोरा गजेन्द्र गुरुङ पनि राजनीतिमा सक्रिय भए र कालिम्पोङ क्षेत्रबाट विधायक निर्वाचित भएर राज्य सरकारमा उपमन्त्री तथा राज्यमन्त्रीस्तरका जिम्मेवारी सम्हालेका थिए । यसरी बाबु-छोराले नै राज्य सरकारमा जिम्मेवारी पाएको उदाहरण नेपालीभाषी राजनीतिमा विरलै मानिन्छ ।

पश्चिम बंगाल सरकारमा गोर्खा समुदायबाट पछिल्लो पटक दावा लामा (तामाङ दावा लामा) मन्त्री बनेका थिए । सन् १९८० को दशकतिर उनी पहाडी विकास राज्यमन्त्री बनेका थिए । त्यो समय दार्जिलिङ क्षेत्रमा गोर्खाल्यान्ड आन्दोलन तीव्र बन्दै गएको थियो, जसका कारण पहाडी राजनीति अस्थिर बनेको र विकासका मुद्दा प्रभावित भएको मानिन्छ । उनी भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) सँग सम्बन्धित थिए र दुई पटक राज्यसभा सांसदसमेत बनेका थिए ।

## कस्ता...

यस्तै, गण्डकी प्रदेश अस्पताल पोखरा, लुम्बिनी प्रादेशिक अस्पताल, राप्ती उप-क्षेत्रीय अस्पताल दाङ, भेरी अञ्चल अस्पताल नेपालगञ्ज, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, कर्णाली प्रदेश अस्पताल सुर्खेत र सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार हुने गरेको छ ।

# दैलेखमा बोलेरो दुर्घना हुँदा तीन जनाको मृत्य

**◣युग संवाददाता**
**सुर्खेत, १८ जेठ ।**

दैलेखमा बोलेरो जीप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । दुर्घटनामा परी पाँच जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय दैलेखका अनुसार सोमबार दिउँसो जिल्लाको भैरवी गाउँपालिका-७ कालिगौडास्थित भित्री सडक खण्डमा सुर्खेत देखि कालिकोट तर्फ जादै गरेको सु.प.०१००१ च ४९६४ न.को डबल क्याप बलेरो दुर्घटनामा परेको थियो ।

सडकदेखि चार सय मिटर तल खसेको उक्त जीपमा सात पुरुष र एक महिला सवार थिए । प्रहरीका अनुसार मृत्यु हुनेमा चालक कालिकोटको शुभकालिका गाउँपालिका-५ का कलबहादुर रोकाय छन् । यस्तै, भैरवी गाउँपालिका-७ का सुमत विक, मित्र सुनार, पुल्तिसरा विकको मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरुको जिल्ला अस्पताल दैलेखमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

अन्य घाइतेहरुको उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीको प्रारम्भिक अनुसन्धानले ब्रेक फेल भइ दुर्घटना भएको जनाइएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि प्रशासन कार्यालय सुर्खेत**

**भूमि प्रशासन कार्यालय सुर्खेतबाट जारी भएको नामसारी जग्गा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मितिः २०८३/०२/१८**

जिल्ला सुर्खेत चौकुने गाउँपालिका वडा नं. ८. गुटु बस्ने थिगे बुढा जैसी (कइलु बुढा धमला। को नाती नयाराम धमलाको छोरा जयलाल बुढा जैसीको नाममा तपशिल बमोजिमका जग्गा रहेकोमा निजको मिति २०८०/०७/१८ मा मृत्यु भएको निजको दुई पत्नी मध्यूँ, जेठी पत्नी सावित्री जैसी कैलाली जिल्लामा धनीराम जैसीसंग विवाह गरी नेपाली नागरिता समेत उतैबाट बनाइसकेको र निज बाट जन्मेका एक मात्र छोरा रुद्रराज जैसीले पनि बाबुको नामथर भजनी नगरपालिका ५ कैलालीका धनिराम जैसी (सावित्री जैशीका दोस्रो श्रीमान। राखी नेपाली नागरिकताको प्रमाणपत्र बनाएको र नजिकको हकदारमा कान्छी पत्नी देविसरा बुढा जैसी र निजबाट जन्मेका दुई छोराहरु खम्म बुढा जैसी र माधव बुढा जैसी मात्र हुन भनि चौकुने गाउँपालिका वडा नं. ८ मिति २०८३/०२/०६ को वडा सर्जिमन मुचुल्कावाट खुल्न आएकोले । निवेदकले मेरो पति जयलाल बुढा जैसीको मिति २०८०/०६/१८ मा आफ्नै काल गतिले मृत्यु भएको । जयलाल बुढा जैसीको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गा म एकमात्र पत्नी देविसरा बुढा जैसीको नाममा एकलौटी नामसारी गरी पाउँ भनि यस कार्यालयमा द.नं. ५८७७ मिति २०८२/१०/०८ मा निवेदन मागदावी रहेकोमा निज बाहेक उल्लेखित जग्गामा अन्य कसैको हक दावी भए वा नामसारी माग गरेको जस्गा निवेदकको नाममा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५(पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा नामसारी भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**तपशिलः**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| गुटु | ८ग | ७ | १२७९.०० व.मी. | जयलाल वुढा जैसी | देविसरा बुढा जैसी |



**जुनीचाँदे गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
**मजकोट, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

**लामितरा बुदिडाडाँ जुम्ला निर्माण (८.६८१ कि.मी) सडक खण्ड निर्माण को प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३/०२/१९**

कर्णाली प्रदेश, जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिकामा जुनीचाँदे गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, मजकोट, जाजरकोट द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नाम: जुनीचाँदे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना :- मजकोट, जाजरकोट<br>फोन नं:- ९८५८३९०१००<br>ईमेल:- junichanderuralmun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिकाको वडा नं. ०६ मा कुल ७.९० कि.मि. लम्बाइको नयाँ सडक निर्माण गरिनेछ। प्रस्तावित सडक क्यारेजवे (Carriage Way) को चौडाइ ५ मिटर, जसको दुवै छेउमा ०.७५ मिटर चौडाइको शोल्डर (Shoulder) सहित ६.५ मिटरको फर्मेसन चौडाई र १ मिटरको नाला प्रस्ताव गरिएको छ । सडकको सतह प्रिमिक्स (Premix Bituminous) हुनेछ र डिजाइन गति ३० कि.मि. प्रति घण्टा निर्धारण गरिएको छ । |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | जाजरकोट जिल्ला जुनिचाँदे गाउँपालिकाको वडा नं. ०६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरण परीक्षण (IEE) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| जुनीचाँदे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना :- मजकोट, जाजरकोट<br>फोन नं:- ९८५८३९०१००<br>ईमेल:- junichanderuralmun@gmail.com | मुभ ईन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड रिसर्च प्रा. ली.<br>ठेगाना :- वीरेन्द्रनगर -०८, सुर्खेत<br>फोन नं.:- +९७७-९८५८०७०४०२<br>ई-मेल :- move1234@gmail.com |

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# जुम्लाका २३ वडा बालविवाहमुक्त घोषणा

**गोल्डेन बुढा**
**जुम्ला, १८ जेठ**

जुम्लाको कनकासुन्दरी गाउँपालिका-६ की पार्वती सार्कीको विवाह १८ वर्षकै उमेरमा भयो । कक्षा ८ मा अध्ययनरत रहेकै बेला परिवारले उनको मागी विवाह गरिदियो । विवाहपछि आउने जिम्मेवारीबारे पर्याप्त ज्ञान र तयारी नहुँदै घरपरिवारको जिम्मेवारी बोकेकी पार्वती आज पनि त्यसको असर सम्झिन्छिन् ।

'मैले विवाहपछिको जिम्मेवारीबारे थाहै नपाई घरपरिवारले मागी विवाह गरिदिएँ,' उनले भनिन्, 'सानै उमेरमा बच्चा र परिवार हुर्काउन निकै कठिन भयो । अहिलेसम्म मेरो स्वास्थ्य अवस्था पनि राम्रो छैन, न त राम्रोसँग पढ्न नै पाएँ ।' उनको अनुभव एक्लो छैन । कनकासुन्दरीकै राजा वडको विवाह १३ वर्षको कलिलो उमेरमै भयो । उमेर नपुग्दै वैवाहिक जीवनमा बाँधिँदा उनले स्वास्थ्य र मातृत्व दुवै क्षेत्रमा गम्भीर पीडा भोग्नुपर्‍यो । २२ वर्षको उमेरमा पहिलो सन्तान जन्माएकी उनको बच्चा बाँचेन ।

दोस्रो पटक सुत्केरी हुँदा सालनाल उल्टो परेपछि थप जटिलता व्यहोर्नुपर्‍यो । भाग्यले उनी बचिन् तर शिशुलाई भने जोगाउन सकिएन । 'परिपक्व नहुँदै सन्तान जन्मिए, सन्तान र घरको जिम्मेवारी सँगसँगै उठाउनुपर्दा स्वास्थ्यको ख्याल गर्न सकिएन,' उनले भनिन्, '२७ वर्षमै पाठेघरको शल्यक्रिया गर्नुपर्‍यो । अहिले पनि श्रम गर्नुपर्ने काम गर्न सक्दिनँ ।' कनकासुन्दरी-७ की ६० वर्षीया धनरूपा रोकायाको पिडा पनि उस्तै दर्दनाक छ । १० वर्षको उमेरमै विवाह गरेकी उनले बालविवाहका कारण दुई सन्तान गुमाइन् भने एक गर्भमै खेर गयो । 'दुई छोरा जन्मेर मरे, एक गर्भमै खेर गयो,' उनले भनिन्, 'बालविवाह छोरीबुहारीका लागि काल जस्तै हो । अब न कम उमेरकी बुहारी ल्याउँछौँ, न त कम उमेरकी छोरीलाई विवाह गरेर पठाउँछौँ । कानुनले तोकेको उमेर नपुग्दासम्म विवाह हुन दिँदैनौँ ।' यस्ता भोगाइ र चेतनाको जगमा बिहीबार कनकासुन्दरी गाउँपालिका-१ लाई



बालविवाहमुक्त वडा घोषणा गरिएको छ । बालविवाह अन्त्य तथा बालअधिकार संरक्षणको अभियानलाई थप प्रभावकारी बनाउने उद्देश्यले वडा बालविवाहमुक्त घोषणा गरिएको हो । वडा अध्यक्ष भिमबहादुर भण्डारीले बालविवाहमुक्त घोषणा समुदायको सामूहिक प्रयासको परिणाम भएको बताए ।

उनका अनुसार कनकासुन्दरीका २, ३, ४ र ५ नम्बर वडा यसअघि नै बालविवाहमुक्त घोषणा भइसकेका छन् । आठ वडा रहेको गाउँपालिकामा अब तीन वडा घोषणा हुन बाँकी छन् । जिल्लाकै हिमा गाउँपालिकाभित्र रहेका सातवटै वडा बालविवाहमुक्त भइसकेका छन् भने गाउँपालिका नै बालविवाहमुक्त घोषणा गरिएको छ । जुम्लामा एक नगरपालिका र सात गाउँपालिका गरी आठ स्थानीय तहअन्तर्गत ६० वटा वडा रहेका छन् । तीमध्ये हालसम्म २३ वटा वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् भने अझै ३७ वटा वडा घोषणा हुन बाँकी छन् । सिंजा गाउँपालिकामा २, ३, ४ र ६ नम्बर वडा बालविवाहमुक्त भइसकेका छन् । वडा अध्यक्ष लालबहादुर बुढाका अनुसार १ र ५ नम्बर वडा अझै घोषणा हुन बाँकी छन् ।

तिला गाउँपालिकामा ४, ५, ६ र ८ नम्बर वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् भने १, २, ३, ७ र ९ नम्बर वडा बाँकी छन्।

> 'बालविवाह छोरीबुहारीका लागि काल जस्तै हो । अब न कम उमेरकी बुहारी ल्याउँछौँ, न त कम उमेरकी छोरीलाई विवाह गरेर पठाउँछौँ । कानुनले तोकेको उमेर नपुग्दासम्म विवाह हुन दिँदैनौँ ।'

तातोपानी गाउँपालिकामा पाँच वटा वडा घोषणा भइसकेका छन् भने १, २, ३, ४, ६, ७ र ८ नम्बर वडा अझै घोषणा हुन बाँकी छन् । महिला तथा बालबालिका शाखा प्रमुख भगवती गिरीका अनुसार जुम्लामा पहिलोपटक पातारासी गाउँपालिका-५ लाई बालविवाहमुक्त वडा घोषणा गरिएको थियो । पातारासीमा अझै १, २, ३, ४, ६ र ७ नम्बर वडा घोषणा हुन बाँकी छन् ।

गुठीचौर गाउँपालिकाको ४ नम्बर वडा बालविवाहमुक्त घोषणा गरिएको छ । गाउँपालिका उपाध्यक्ष शान्तिकुमारी मल्ल (भण्डारी) का अनुसार १, २, ३ र ५ नम्बर वडा अझै बाँकी छन् । यता, चन्दननाथ नगरपालिका भने बालविवाहमुक्त वडा घोषणा गर्ने जिल्लाको एकमात्र स्थानीय तह बन्न सकेको छैन । नगरपालिकाभित्र रहेका १० वटै वडा अझै घोषणा हुन बाँकी छन् । नेपालको कानुनअनुसार २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह मानिन्छ ।

मुलुकी अपराध संहिता ऐन, २०७४ ले बालविवाह गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरेको छ । क्याड नेपाल जुम्लाका फिल्ड सुपरभाइजर शेरबहादुर रोकायाका अनुसार सरकारले सन् २०३० सम्म नेपाललाई बालविवाह मुक्त मुलुक घोषणा गर्ने लक्ष्य लिएको छ । वडाले बालविवाह मुक्त सम्बन्धि १५ वटा सुचक पुरा गर्नुपर्छ।बालविवाह न्यूनीकरणका लागि प्लान इन्टरनेशनल नेपालको सहयोग तथा 'आत्मसम्मानका लागि सहकार्य' कार्यक्रमअन्तर्गत क्याड नेपाल जुम्लाले विभिन्न सचेतनामूलक तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कनकासुन्दरी गाउँपालिका, वडा कार्यालय तथा परियोजनाबीचको समन्वयमा समुदायस्तरमा अभिमुखीकरण, विद्यालय कार्यक्रम, किशोरी समूह परिचालन, अभिभावक संवाद तथा जनचेतनामूलक गतिविधि सञ्चालन गरिएका छन् । ती प्रयासको प्रभाव तथ्यांकमा पनि देखिएको छ । कनकासुन्दरी गाउँपालिका-१ मा सन् २०२० मा ७६ प्रतिशत रहेको बालविवाहको दर सन् २०२१ मा ३६ प्रतिशत, २०२२ मा ५ प्रतिशत, २०२३ मा ४ प्रतिशत, २०२४ मा २४ प्रतिशत हुँदै सन् २०२५ मा शून्य प्रतिशतमा झरेको छ । यो तथ्यांकले समुदायमा चेतनाको स्तर वृद्धि भएको, बालअधिकारप्रति सकारात्मक सोच विकास भएको तथा बालविवाहविरुद्धको सामूहिक अभियान प्रभावकारी बन्दै गएको स्पष्ट संकेत गरेको छ । बालविवाहका कारण पुस्तौँसम्म दोहोरिने पीडा अन्त्य गर्ने दिशामा जुम्लाका बस्तीहरू बिस्तारै अघि बढिरहेका छन् ।

# 'महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको कदर हुन्छ'

**युग संवाददाता**
**दाङ, १८ जेठ ।**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य ले महिला स्वास्थ्य स्वयंसेविकाहरूले जनस्वास्थ्यको क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै उनीहरूको हकहित र मनोबल अभिवृद्धिका लागि प्रदेश सरकार सकारात्मक रहेको बताएका छन् ।



नेपाल स्वास्थ्य स्वयंसेवी संघ (नेभा) लुम्बिनी प्रदेश समितिले सोमवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको माग तथा सुझावपत्र बुझ्दै मुख्यमन्त्री आचार्यले स्वास्थ्य स्वयंसेविकाहरू समुदायस्तरको स्वास्थ्य सेवाको मेरुदण्डका रूपमा रहेको उल्लेख गरे ।

मातृ तथा शिशु स्वास्थ्य, खोप अभियान, परिवार नियोजन, पोषण तथा जनचेतनामूलक कार्यक्रममार्फत महिला स्वास्थ्य स्वयंसेविकाहरूले पुऱ्याएको योगदान उच्च छ ।

संघकी प्रदेश अध्यक्ष सुनिता शर्माको नेतृत्वमा गएको टोलीले नौ बुँदे माग तथा सुझावपत्र पेश गरेको थियो । टोलीले सेवा अवधि पूरा गरी ६० वर्ष उमेर पुगेका स्वयंसेविकालाई सम्मानजनक अवकाश सुविधा, क्षमता अभिवृद्धिका लागि तालिम, सामाजिक सुरक्षा कोषमा आबद्धता, चाडपर्व खर्च, दुर्घटना तथा मृत्यु राहत कोष, मासिक प्रतिवेदन भत्ता लगायतका मागहरू राखेको छ । प्रदेश सरकारले अवकाश भएर जाने स्वयंमसेविकाकालागी ५० हजार दिदै आएको छ ।

मुख्यमन्त्री आचार्यले स्वयंसेविकाहरूका मागहरू अध्ययन गरी प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने विषयहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गनरे । नेपाल स्वास्थ्य स्वयंसेवी संघले महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको संस्थागत सम्मान, सामाजिक सुरक्षा तथा सेवा सुविधाको सुनिश्चितताका लागि सरकारको ध्यानाकर्षण गराएको जनाएको छ ।

# नेपालले भारतको भूमि मिचेको भन्दै प्रधानमन्त्रीले दिएको अभिव्यक्तिप्रति सुर्खेतका राजनीतिक दलको विरोध

**युग संवाददाता**
**सुर्खेत, १८ जेठ ।**

सुर्खेतमा क्रियाशील राजनीतिक दलहरुले प्रधानमन्त्री वालेन्द्र शाहले आइतबारको संसद बैठकमा भारतको भूमि नेपालले अतिक्रम गरेको भन्दै दिएको अभिव्यक्तिप्रति विरोध जनएका छन् ।

नेपाली कांग्रेस सुर्खेतका सभापति खड्गबहादुर पोखरेल, नेकपा (एमाले) सुर्खेतका अध्यक्ष कुलमणि देवकोटा, नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य बसन्तकुमार विश्वकर्मा र नेकपा (माओवादी) का धर्मराज देवकोटा (जित सी) ले एक संयुक्त विज्ञप्ति जारी गर्दै राष्ट्रियताको विषयमा कुनैपनि प्रकारको सम्झौता स्वीकार्य नहुने दावी गरेका छन् ।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय सुरक्षा तथा राष्ट्रिय स्वाभिमानसँग प्रत्यक्ष सम्बन्धित सीमा समस्या जस्तो अत्यन्त संवेदनशील विषयमा प्रधानमन्त्री बालेन्द्र साहले प्रतिनिधि सभामा व्यक्त गरेको 'भारतीय भूमि पनि नेपालले मिचेको छ' भन्ने अभिव्यक्ति प्रति गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।